नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १२० २०८२ साल मंसिर २३ गते मंगलबार (9 Dec 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संघीयतापछि पनि मधेसमा... २ पृष्ठमा : गाजा सङ्कट समाधानका ... ३ पृष्ठमा :३५ दिने हकदाबी ...

# आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै आज कार्यालय बन्दको घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

आन्तरिक राजश्व कार्यालय स्थापनाको माग गर्दै आन्दोलित संघर्ष समितिले मंगलबार सप्तरी जिल्ला भरीका नगरपालिका/गाउँपालिका मातहतका वडा कार्यालयका साथै जिल्लाका सम्पुर्ण कार्यालय बन्द गर्ने घोषणा गरेको छ।

नेपाल सरकारको राजश्व विभागको नीति अनुरुप ४० हजार करदाता भएको ठाउँमा आन्तरिक राजश्व कार्यालय स्थापना हुने प्रावधान रहकोले गठित संघर्ष समितिले आन्तरिक राजश्व कार्यालय नै स्थापनाको माग राख्दै आन्दोलन सुरु गरेको संर्घष समितिका संयोजक मोहन कुमार यादवले जानकारी दिए।

यसअघि आइतबार र सोमबार संघर्ष समितिको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिइएको थियो ।

गत कात्तिक १७ गते नेपाल सरकारले देशभरीका ३८ स्थानमा रहेका करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । करदाता सेवा कार्यालय राजविराज समेत सोही खारेजीमा परेकोले सप्तरी उद्योग बाणिज्य संघको नेतृत्वमा उक्त निर्णय बिरुद्ध तीन चरणको आन्दोलन सम्पन्न भइसकेको छ ।

सप्तरीमा ७२ हजार भन्दा बढी करदाता रहेका छन् । करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.ब. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले बढी हो ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

# माइक्रोबस रुखमा ठोकियो, ठूलो दुर्घटनाबाट जोगियो



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

राजविराज ४ स्थित मेनरोडमा आइतबार राती एउटा माइक्रोबस अनियन्त्रित भई पसल अगाडीको रुखमा ठोकिएको छ ।

राती ९ बजेतिर बा.प्रदेश-१-००६ ख.८९९६ नम्बरको माइक्रोबस रुखमा ठोक्किएको हो । यद्दपी दुर्घटना हुंदा कुनै मानविय क्षति भने भएन् ।

तिब्र गतिमा रहेको सो गाडीमाथी चालकले नियन्त्रण गुमाउँदा नजिकै रहेको सागर टेलर्सको पसल भवनमा ठोकिएको थियो । पसलको सिढी तथा नजिकै रहेको रुखमा ठोकिएर अड्किन पुग्यो । दुर्घटनामा पसल भवन र गाडीमा क्षति पुगेको छ ।

दुर्घटनामा पहिचान खुल्न बाँकी रहेका चालक सामान्य घाइते भएको प्रत्यक्षदर्शीहरुले बताएका छन् । उनी फरार भएको तथा खोजिकार्य भइरहेको प्रहरी निरिक्षक बिजय कार्कीले बताए ।

यसैबीच घरधनी संजिव नायकले सोमबार पसल र भवनमा पुगेको क्षति वापतको रकम सम्बन्धीत माइक्रोबस धनीबाट उपलब्ध गराईदिन माग गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा निवेदन दिएका छन् ।

ठक्कर दिने गाडी नियन्त्रणमा राखी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मंसिर २६ सम्म मतदाता नामावलीमा दाबी विरोध गर्न सकिने

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

निर्वाचन आयोग नेपालले मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । आयोगद्वारा सोमबार जारी विज्ञप्तीमा यही मंसिर २६ गतेसम्म अनलाइनमार्फत त्रुटी सच्याउन, जानकारी दिन तथा उजुरी दर्ता गराउन अनुरोध गरिएको छ ।

आयोगका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले २०८२ भदौ ५ गतेसम्म देशभरबाट संकलित मतदाता बिवरणलाई अद्यावधिक अघि बढाइने जानकारी दिएका हुन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने व्यक्तिहरू योग्य मतदाता मानिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक (दाबी बिरोध) कार्यक्रम अन्तर्गत सङ्कलित मतदाताको बिवरण आयोगको वेबसाईटमा प्रकाशन गरिनेछ ।

आयोगले संकलित मतदाता नामावली आफ्नो वेबसाइटमा प्रकाशन गरेपछि मंसिर २६ गतेसम्म नाम, ठेगाना वा अन्य बिवरणमा त्रुटी सच्याउन निवेदन दिन सकिने विज्ञप्तीमा उल्लेख छ ।

आयोगले मतदाता नामावलीलाई अझ शुद्ध, बिश्वसनीय र त्रुटीरहित बनाउन आम मतदाता तथा सरोकारवालाको सक्रिय सहभागिताका लागि अपिल गरेको छ ।

# महिला हिंसाविरुद्ध १६ दिने अभियानमा र्‍याली




**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं.४ कोईलाडीमा महिला हिंसाविरुद्धको १६ दिने अभियानको क्रममा सोमबार सचेतनामुलक र्‍यालीको आयोजना गरिएको छ ।

तिलाठी कोईलाडी गाउँपालिका, ग्रामीणमुखी युवा अभियान नेपाल (रोयम नेपाल), सप्रोस नेपाल र दिदी बहिनी संस्थाद्वारा संयुक्त रुपमा उक्त सचेतनामुलक र्‍यालीको आयोजना गरिएको हो ।

सो अवसरमा वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखिया, गाउँपालिकाका सामाजिक बिकास शाखा प्रमुख किशोर कुमार झा र रोयम नेपालका कार्यक्रम संयोजक ओम प्रकाश चौधरी, सप्रोस नेपालका जेसी सम्पर्क ब्यक्ति सहितकाले सचेतनामुलक अभियानले ग्रामीण भेगमा महिलामाथि हुने हिंसात्मक घटनाहरुमा कमी आउने विश्वास ब्यक्त गरे ।

**सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं।**

- आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,
सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खेलकुद नीति, बजेट र इच्छाशक्तिका साथ अघि बढ्न जरुरी

सप्तरी जिल्ला ऐतिहासिक, सांस्कृतिक र शैक्षिक पहिचानका साथसाथै खेलकुदमा पनि उल्लेखनीय सम्भावना बोकेको क्षेत्र हो । तर पछिल्ला वर्षहरूमा यहाँ खेलकुद गतिविधि खस्कँदै गएको दृश्य चिन्ताजनक बनेको छ । विद्यालयस्तरदेखि जिल्लास्तरसम्म नियमित तालिम, प्रतियोगिता र संरचनागत विकासको अभावले प्रतिभाशाली युवाहरू ओझेलमा परिरहेका छन् । जिल्लामा खेलमैदानहरूको अवस्था नाजुक छ । व्यवस्थित खेलमैदानका साथै इनडोर हलजस्ता पूर्वाधारको अभावका कारण युवाहरूलाई अभ्यास गर्ने स्थान पाउन गाह्रो छ ।

खेलकुदसँग जोडिएको बजेट पनि पर्याप्त छैन । उपलब्ध बजेटसमेत प्रभावकारी रूपमा परिचालन नहुँदा योजनाहरू कागजमै सीमित छन् । प्रशिक्षकको कमी, खेल सामग्रीको अभाव र प्रतिभा पहिचान प्रणाली कमजोर हुँदा जिल्लाका खेलाडीहरू राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न तयार हुन सकिरहेका छैनन् । विद्यालयहरूमा खेलकुद गतिविधि मात्रका रूपमा हेरिनु अर्को समस्या हो । नियमित खेल अवधि निर्धारण नहुनु, प्रशिक्षक नहुनु र प्रतियोगिता संस्कृतिको विकास नहुँदा विद्यार्थीहरू पढाइ र खेलकुदबीच सन्तुलन राख्न सक्दैनन् । दीर्घकालमा यसले शारीरिक मात्र होइन मानसिक स्वास्थ्यमा पनि प्रतिकूल असर पार्छ ।

स्थानीय तह, प्रदेश सरकार र सम्बन्धित निकायबीच समन्वय नहुँदा खेलकुद विकास प्राथमिकतामा पर्न सकेको देखिँदैन । स्थानीय तहले खेलमैदान संरक्षण र विस्तारका लागि विशेष बजेट छुट्याउनु पर्दछ । विद्यालयस्तरमा प्रशिक्षक व्यवस्था, नियमित प्रतियोगिता र प्रतिभा खोज कार्यक्रम सञ्चालन हुनुपर्छ । तसर्थ खेलकुदको गतिविधीमा तिब्रता ल्याउन नीति, बजेट र इच्छाशक्ति तीनै एकसाथ अघि बढ्न जरुरी छ ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# संघीयतापछि पनि मधेसमा रोकिएन वन अतिक्रमण, फिर्ता ल्याउन अझै सकस

**हिमाल लम्साल**

पर्सा, २२ मंसिर (रासस) ।

विभिन्न कालखण्डमा मधेस प्रदेशमा अतिक्रमणमा परेको वन क्षेत्र सङ्घीयतापछि पनि फिर्ता ल्याउन सकस भएको छ । विसं २०७२ मा नयाँ संविधानसँगै सङ्घीयता लागू भए पनि विभिन्न समयमा अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन समस्या उस्तै देखिएको हो । मधेस प्रदेशका आठ जिल्लामा सन् २००२ अघिसम्म पाँच हजार ५३६ दशमलव ४१ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ ।

सन् २००२ देखि सन् २०१२ सम्म आइपुग्दा मधेस प्रदेशमा थप तीन हजार ९७७ दशमलव १७ हेक्टर वन अतिक्रमणमा पर्‍यो । त्यस्तै सन् २०१२ देखि २०२३ सम्मको अवधिमा पनि मधेस प्रदेशमा वन अतिक्रमणको घटना भने रोकिएन । यस अवधिमा थप १७९ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको तथ्याङ्क छ । सन् २०२३ सम्म मधेसका आठ जिल्लामा नौ हजार ६९२ दशमलव ५९ हेक्टर वन अतिक्रमणमा परेको छ ।

मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलले विगतमा भएको वन क्षेत्र अतिक्रमणलाई फिर्ता ल्याउन नसके पनि नयाँ अतिक्रमण भने नियन्त्रणमा नै रहेको बताउनुभयो । "विगतको तुलनामा वन अतिक्रमण बढेको छैन्", उहाँले भन्नुभयो, "अहिले वन अतिक्रण भइहालेमा डिभिजन वन कार्यालय मातहतका निकायले तुरुन्तै कारबाहीको दायरामा ल्याउँछन् ।" उहाँका अनुसार विगतमा अतिक्रणमा परेर घर-टहरा आवास बनाएको क्षेत्रमा भने अतिक्रमित वनलाई फिर्ता ल्याउन सहज अवस्था छैन ।

**कुन जिल्लामा कति अतिक्रमण ?**

मधेस प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा धेरै सर्लाहीमा तीन हजार २३ दशमलव १४ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ । रौतहटमा एक हजार ७१० दशमलव ९२ हेक्टर अतिक्रमणमा परेको छ । धनुषामा एक हजार ६५८ दशमलव ६४ हेक्टर क्षेत्रफल, बारामा एक हजार २०३ दशमलव ०२ हेक्टर, सिरहामा ९७६ दशमलव ३४ हेक्टर, महोत्तरीमा ६३९ दशमलव ७१ हेक्टर, पर्सामा ४६८ दशमलव १४ हेक्टर, सबैभन्दा कम भने सप्तरीमा १२ दशमलव ६४ हेक्टर अतिक्रमणमा परेको छ ।

सचिव पौडेलले अतिक्रणमा परेको वन फिर्ता ल्याउने जिम्मेवारी वन मन्त्रालयको मात्रै नभई धेरै सरोकारवाला निकायको रहने बताउनुभयो । यसका लागि अन्तरसरकारी निकाय समन्वय र सहकार्य आवश्यकता रहेको उहाँले बताउनुभयो ।

"प्रदेश वन मन्त्रालय एक्लैले चाहेर मात्रै अतिक्रमणमा परेको वन फिर्ता ल्याउन नसक्ने रहेछ", उहाँले भन्नुभयो, "गृहमन्त्रालय, राजनीतिक दल तथा अन्य सरोकारवाला निकायको सहयोग बिना फिर्ता ल्याउन मुस्किल पर्ने रहेछ ।" उहाँले अहिले थप अतिक्रमण हुन नदिएको भन्दै पुरानो अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन नसकिएको स्वीकार गर्नुभयो । उहाँका अनुसार मधेस प्रदेशको अस्थिर राजनीतिक नेतृत्वको कारणले पनि समस्या भइरहेको छ ।

सङ्घीयता अघि र सङ्घीयतापछि वन क्षेत्र अतिक्रमण कति भयो भन्ने यकिन भने छैन । मुलुक सङ्घीयतामा गइसकेपछि रूख/बिरुवा प्रदेश सरकार मातहत र भूमि भने सङ्घीय सरकार मातहत रहेको छ । वन ऐन, २०७६ र प्रदेश वन ऐन, २०७७ मा अधिकार क्षेत्र बाझिँदा पनि कार्य सम्पादन गर्न र समस्या भइरहेको प्रदेश सरकारको गुनासो छ ।

सचिव पौडेलले वनजङ्गल संरक्षण गर्न प्रदेश सरकार मातहतभन्दा पनि सङ्घीय सरकार मातहत हुँदा सहज हुने भएको अनुभव सुनाउनुहुन्छ । सशस्त्र वनरक्षक सङ्घीय सरकार मातहत छन् । तर, अहिले प्रदेश सरकार मातहतका डिएफओले सशस्त्र वनरक्षकलाई खटाउँदै आइरहेको अवस्था रहेको पनि छ । मधेस प्रदेश वन निर्देशनालयका प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले सङ्घीयतापछि वन अतिक्रमणको बढ्यो कि घट्यो भन्ने आधिकारिक तथ्याङ्क भेट्टाउन मुस्किल पर्ने बताउनुहुन्छ ।

"सीमा विवादले एकाध ठाउँमा वन अतिक्रमणमा परेको भेट्टिन्छ", उहाँले भन्नुभयो । प्रदेश वन निर्देशक जयसवालले मधेस प्रदेशमा मात्रै नभएर मुलुकभर नै वन अतिक्रमणको समस्या रहेको बताउनुहुन्छ । "मुलुकमा विधिको शासन नभएको कारणले नै सबैभन्दा पहिला वन अतिक्रमणमा पर्ने हो । यातायातको सहज पहुँच भएसँगै वनजङ्गल जथाभावी ढङ्गले फँडानी र अतिक्रमण गर्ने परिपाटीको विकास भएको देखिन्छ", उहाँले भन्नुभयो, "यातायातको सहज पहुँच, बढ्दो जग्गाको महङ्गी र भूमाफियाको चलखेलको कारणले पनि वनजङ्गल अतिक्रणको चपेटामा पर्दै आइरहेका छन् ।"

मधेस प्रदेशमा मात्रै नभएर जिल्लामा पनि वन अतिक्रमणमा घटना रोकिएका छैनन् । डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले पर्सामा ४६८ दशमलव १४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको बताउनुभयो । "पर्सामा सबैभन्दा ठूला अतिक्रमण ठोरी क्षेत्रलगायत गादीमाई, बिन्दबासिनी, सबैया साझेदारी वन क्षेत्रमा भएको देखिन्छ", उहाँले भन्नुभयो, "पटेर्वासुगौली, प्रसौनी, पर्सागढी लगायतका क्षेत्रमा अतिक्रमण भएको भेट्टिन्छ ।"

कार्यालयका अनुसार ठोरी गाउँपालिकास्थित बाराह नदीदेखि पश्चिमतर्फ दुई सय दशमलव ७० हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । यो पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र हो ।

त्यसैगरी, गादीमाई साझेदारी वनक्षेत्र १६७.६८ हेक्टर परेको छ । त्यस्तै सखुवाप्रसौनी मधुवन क्षेत्रमा पनि विभिन्न समयमा ३२ दशमलव ४७ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । सबैया साझेदारी वन २२.२३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, बिन्दबासिनी साझेदारी वन १२.०६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ ।

वन अधिकृत अहमदका अनुसार पर्सा जिल्लामा १० वर्ष लामो माओवादी द्वन्द्वकालमा सबैभन्दा बढी वन अतिक्रमण भएको देखिन्छ । सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी सेनाका ब्यारेक, सडक, आदि भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण भएको छ । जिल्लाको ठूलो जनसङ्ख्याका लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करहरूबाट भएको वन फँडानीका कारण पनि वन अतिक्रमणलाई प्रोत्साहन भएको छ ।

पर्सामा ११ हजार ५७५ हेक्टर वन क्षेत्र छ । पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । साझेदारी वन ११ हजार ४०९ दशमलव .१४ हेक्टरमा

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### गाजा सङ्कट समाधानका लागि द्विपक्षीय संवाद सुरु हुने

जेरेसलम, २२ मङ्सिर (रासस/सिन्ह्वा) ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेटान्याहुले यस महिनाको अन्त्यतिर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गरी गाजाका लागि अमेरिकी मध्यस्थतामा अगाडि बढिरहेको युद्धविरामको दोस्रो चरणबारे छलफल गर्ने घोषणा गर्नुभएको छ । अक्टोबर १० मा लागू भएको अमेरिकी मध्यस्थतामा तय युद्धविरामको बावजूद गाजामा पूर्ण शान्ति अझै कायम भएको छैन । दुई वर्षअघि हमास विद्रोहीहरूले इजरायलमाथि हमला गरेपछि यो सम्झौता भएको हो । तर, इजरायल र हमासले एकअर्कालाई उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन् । नेटान्याहुले भन्नुभयो,"हामी चाँडै दोस्रो चरणमा प्रवेश गर्ने अपेक्षा राख्छौं, जुन पहिलो चरणभन्दा कठिन हुनेछ ।" उहाँले ट्रम्पसँग 'क्षेत्रमा शान्तिका अवसर' बारे छलफल गर्ने योजना रहेको बताउनुभयो ।

जर्मनीका चान्सलर फ्रिडरिक मर्जले पनि दोस्रो चरण तुरुन्त सुरु हुनुपर्ने बताए र द्वि-राज्य समाधानतर्फ जर्मनीको समर्थन रहेको स्पष्ट पार्नुभयो । पहिलो चरणमा, प्यालेस्टिन विद्रोहीहरूले बाँकी रहेका ४७ इजरायली बन्धकलाई रिहा गरेका छन् । दोस्रो चरणमा, अमेरिकी प्रस्तावअनुसार इजरायली सेनाको थप फिर्ती मुद्दा समाधान गरिने अपेक्षा छ । गाजामा हमासका प्रमुख खालिल अल-हैय्याले भन्नुभयो,"यदि इजरायली कब्जा अन्त्य हुन्छ भने हामी हतियार फिर्ता गर्नेछौं । हाम्रो हतियार कब्जा र आक्रमणसँग जोडिएको छ, र कब्जा अन्त्य भए राज्यलाई हस्तान्तरण गरिनेछ ।" दोस्रो चरणका लागि हमास र अन्य प्यालेस्टिन समूहका हतियारको विषय अझै छलफलमा छन् । हमासले पहिले शस्त्र त्याग अस्वीकार गरेको थियो भने इजरायलले हमास र अन्य समूहका हतियार फिर्ता गर्नु दोस्रो चरणको मुख्य शर्त बनाएको छ । युद्धविरामको अवधि सुरु भए पनि गाजामा ३६० भन्दा बढी प्यालेस्टिन मारिएका छन्, जससँगै प्यालेस्टिन मृतकको सङ्ख्या ७० हजार ३६० पुगेको छ । यसैबीच, तीन इजरायली सैनिकको पनि मृत्यु भएको छ ।

### मानव जीवन बचाउन विश्वले ध्यान दिनुपर्ने : संयुक्त राष्ट्र

संयुक्त राष्ट, २२ मङ्सिर (रासस/एएफपी) ।

संयुक्त राष्ट्र सङ्घले सन् २०२६ का लागि मानवतावादी सहयोग जुटाउन बैश्विक आह्वान गर्दै विश्व समुदाय पीडित मानिसप्रति पर्याप्त संवेदनशील नदेखिएको भन्दै गहिरो चिन्ता व्यक्त गरेको छ । सहयोग कार्यक्रमहरूका लागि आवश्यक रकम निकै कमी हुँदा यस वर्षको माग सीमित दायरामा प्रस्तुत गरिएको संयुक्त राष्ट्रले जनाएको छ । संयुक्त राष्ट्रका मानवतावादी प्रमुख टम फ्लेचरले २०२५ भरि विभिन्न देशहरूमा देखिएका हिंसा, यौन अत्याचार, मानवअधिकार उल्लङ्घन र कानूनको अवज्ञाले आफूलाई गम्भीर रूपमा दुखित बनाएको बताउनुभयो । उहाँका अनुसार, "यो त्यस्तै समय हो जब नियमहरू कमजोर भइरहेका छन् र विश्वको ध्यान मानव पीडाबाट विस्थापित हुँदै गएको छ ।"

संयुक्त राष्ट्रले गाजा, युक्रेन, सुडान र म्यानमा जस्ता सङ्कटग्रस्त क्षेत्रमा आठ करोड ७० लाख मानिसलाई सहयोग गर्न कम्तीमा २३ अर्ब अमेरिकी डलर उठाउने लक्ष्य राखेको छ । सन् २०२६ मा १३ करोड ५० लाख मानिसलाई सहयोग पुर्‍याउन ३३ अर्ब डलर आवश्यक पर्ने अनुमान छ, तर यो लक्ष्य हासिल गर्न चुनौतीपूर्ण छ । संयुक्त राष्ट्रको अनुमान अनुसार, युद्ध, महामारी, प्राकृतिक प्रकोप वा जलवायु परिवर्तनबाट प्रभावित करिब २४ लाख मानिसलाई आपतकालीन सहायता आवश्यक छ । गाजा र पश्चिमी किनारा प्राथमिकतामा छन् । संयुक्त राष्ट्रले यहाँ ३० लाख मानिसलाई सहयोग गर्न चार अर्ब १० करोड डलर माग गरेको छ । सुडानमा हिंसाबाट विस्थापित २० लाख मानिसलाई सहयोग गर्न दुई अर्ब ९ करोड डलर उठाउने योजना छ । फ्लेचरले सुडानको टाविला घटनाको उदाहरण दिँदै भन्नुभयो,"एक आमा आफ्ना पति र बच्चा हत्या भएको देखेपछि बच्चासहित भागिन् । उहाँले धेरै पीडा सहिन्, तर साहस अझै बाँकी थियो ।" संयुक्त राष्ट्रले सदस्य राष्ट्रहरूलाई ८७ दिनभित्र सहयोग जुटाउन आग्रह गर्नेछ । यदि माग पूरा भएन भने, नागरिक समाज, निजी क्षेत्र र साधारण मानिससम्म अभियान फैलाइनेछ । फ्लेचरले भन्नुभयो,"हामी विश्वले रक्षा खर्चमा खर्च गरेको रकमको केवल एक प्रतिशत भन्दा अलिकति मात्र मानवतावादी सहयोग माग गर्दैछौं । रक्षा खर्च कम गरेर मानवतावादी सहायता बढाउनुपर्छ ।"

### सुडानमा नागरिक बस्तीमा आक्रमण, बालबालिकासहित ११४ को मृत्यु

खार्तुम, २२ मङ्सिर (रासस/सिन्ह्वा) ।

सुडानको दक्षिण कोर्डोफान राज्यको कालोगी क्षेत्रमा बिहीबार भएको मानवरहित विमान आक्रमणमा मृत्यु सङ्ख्या ११४ पुगेको राज्य सरकारले आइतबार जनाएको छ, जसमा ६३ बालबालिका छन् भने करिब ७१ जना घाइते भएका छन् । राज्यपाल मोहम्मद इब्राहिम अब्देल करिमका अनुसार स्थानीय स्वास्थ्य सेवा अपर्याप्त रहेकाले गम्भीर घाइतेहरूलाई अन्य अस्पतालमा सार्नुपरेको र त्यसैले मृत्यु सङ्ख्या अझै बढ्न सक्ने सम्भावना रहेको बताइएको छ । सुडानी अधिकारीहरूले अब्दुलअजिज अल-हिलु नेतृत्वको विपक्षी सशस्त्र समूहले द्रुत सहयोग बलसँग मिलेर नागरिक बस्तीमै लक्षित गरी आक्रमण गरेको आरोप लगाएका छन्, तर दुवै पक्षले घटनाबारे टिप्पणी गरेका छैनन् ।

प्रारम्भिक रूपमा स्वयंसेवी समूहहरूले ९ जनाको मृत्यु र ७ जना घाइते भएको जानकारी दिएका थिए, जुन पछि राज्य सरकारले अद्यावधिक गर्दै मृतक सङ्ख्या ७९ पुगेको जनाएको थियो । सन् २०२३ को अप्रिलदेखि जारी युद्धले दशौं हजारको ज्यान लिएको तथा लाखौं नागरिक विस्थापित भएको संयुक्त राष्ट्रसंघका निकायहरूले जनाएको छ, साथै पछिल्ला दिनमा कोर्डोफान क्षेत्रमा हिंसा बढ्दै गएर नागरिक कष्ट झन् गहिरिँदो चेतावनीसमेत दिएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

# विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।

**मिति : २०८२/०८/२१**

६२ नं. को रैती हीरालाल दसगर्दाको नाममा दर्ता रहेको साविक प्रगन्ना पक्री मौजे झल्हीको २०४८/०४९ मा तपसिल बमोजिम सर्वे नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक राजविराज न.पा. वडा नं. ९ हाल परिवर्तित राजविराज न.पा. वडा नं. २ वस्ने तपसिल बमोजिमका निवेदकहरुको यस कार्यालयमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०८/२१ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही मै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | सा.कि.नं. | न.पा/गा.पा | वडा नं. | कि.नं. | ज.वि. | फिल्डबुक दर्तावाला | निवेदक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २८१ | राजविराज | ८ | ४०५ | ०-०-१२ | विपिन कुमार कर्ण | विपिन कुमार कर्ण | |
| २. | २८१ | राजविराज | ८ | ४३० | ०-०-१७ | सिता देवी दास | सिता देवी दास | |
| ३. | २८१ | राजविराज | ८ | ४१८ | ०-०-९ | करपुरा देवी झा | करपुरा देवी | |
| . | २८१ | राजविराज | ८ | ४१७ | ०-०-७ | चन्द्र शेखर झा | चन्द्र शेखर झा | |
| ५. | २८१ | राजविराज | ८ | ४१५ | ०-०-१० | माहा देवी साह | श्रीमती मह देवी बनियाँ | |
| ६. | २८१ | राजविराज | ८ | ४२४ | ०-०-८ | सिता कुमारी देव | सिता कुमारी देव वैश्य | |
| ७. | २८१ | राजविराज | ८ | ४२५ | ०-०-११ | देवकी देवी देव | सिता कुमारी देव वैश्य | |
| ८. | २८१ | राजविराज | ८ | ४३१ | ०-०-१२ | गिता लाभ कर्ण | गिता लाभ कर्ण | |
| ९. | २८१ | राजविराज | ८ | ४०३ | ०-०-६ | शान्ती देवी कर्ण | शान्ती कर्ण | |
| १०. | २८१ | राजविराज | ८ | ४८० | ०-०-१७ | राम कुमार देव | राम कुमार देव | |
| ११. | २८१ | राजविराज | ८ | ४७९ | ०-०-११ | विमला देवी लाल दास | श्रीमती विमल देवी लाल दास | |
| १२. | २८१ | राजविराज | ८ | ३९१ | ०-०-११ | जमुना देवी कर्ण | जमुना देवी | |
| १३. | २८१ | राजविराज | ८ | ४९२ | ०-०-१४ | कोरेसा खातुन | कोरेसा खातुन | |
| १४. | २८१ | राजविराज | ८ | ४१३ | ०-०-१० | देव सुन्दरी गिरि | श्रीमती देव सुन्दरी गिरी | |
| १५. | २८१ | राजविराज | ८ | ४२६ | ०-०-६ | रिता देवी देव | रिन्कु कुमारी देव | |
| १६. | २८१ | राजविराज | ८ | ३९५ | ०-०-१२ | कारी यादव | मिश्री लाल यादव समेत- ६ जना | |
| १७. | २८१ | राजविराज | ८ | ४९६ | ०-०-५ | फातमा खातुन | महमद सज्जाद | |
| १८. | २८१ | राजविराज | ८ | ४१४ | ०-०-१० | सुदन भुजेल अर्जुन भुजेल | सुदन भुजेल | |
| १९. | २८१ | राजविराज | ८ | ४१० | ०-०-६ | नरेश कुमार कर्ण | नरेश कुमार कर्ण | |
| २०. | २८१ | राजविराज | ८ | ४९७ | ०-०-९ | कैयुम मियाँ | कैयुम मियाँ | |
| २१. | २८१ | राजविराज | ८ | ४९० | ०-०-५ | बद्री ठाकुर | बद्री ठाकुर हजाम | |
| २२. | २८१ | राजविराज | ८ | ४०९ | ०-०-६ | सरवसीया देवी यादव | सरवसिया देवी यादव | |
| २३. | २८१ | राजविराज | ८ | ४०६ | ०-०-१४ | हिरा देवी ब्राहमणी | प्रमीला कुमारी यादव | |
| २४. | २८१ | राजविराज | ८ | ४२० | ०-०-११ | उषा देवी वैश्य | योगेन्द्र प्रसाद वैश्य | |
| २५. | २८१ | राजविराज | ८ | ४०१ | ०-०-५ | ब्रह्म देव साह | ब्रह्म देव साहु सोनार | |
| २६. | २८१ | राजविराज | ८ | ४७६ | ०-०-८ | हरि नारायण देव | शिला कुमारी देव | |
| २७ | २८१ | राजविराज | ८ | ४३३ | ०-०-१७ मध्ये ०-०-१० | मनोरमा दास | मनोरमा दास | |
| २८. | २८१ | राजविराज | ८ | ४३३ | ०-०-१७ मध्ये ०-०-७ | मनोरमा दास | लिला कुमारी | |
| २९. | २८१ | राजविराज | ८ | ४२३ | ०-०-७ | बिमल कुमार दास | बिमल कुमार कर्ण | |
| ३० | २८१ | राजविराज | ८ | ४२७ | ०-०-१५ | कुमदीन देवी कर्ण | कमल नारायण लाल दास | |
| ३१. | २८२ | राजविराज | ८ | ५०८ | ०-१-० | गायत्री देवी देव | गायत्री देवी वैश्य | |
| ३२. | २८२ | राजविराज | ८ | ४३५ | ०-०-१५ | शिला देवी चौधरी | सिला देवी वैश्य | |
| ३३. | २८२ | राजविराज | ८ | ३८४ | ०-०-१० | अहिल्या देवी मण्डल | अहिल्या देवी | |
| ३४. | २८२ | राजविराज | ८ | ५०७ | ०-१-१३ मध्ये उत्तर तर्फ बाट ०-०-११ | विष्णु माया पुलामी | श्रीमती रानी देवी | |
| ३५. | २८२ | राजविराज | ८ | [illegible]०७ | ०-१-१३ मध्ये दक्षिण तर्फ बाट ०-१-२ | विष्णु माया पुलामी | भजन मंडल | |
| ३६. | २८२ | राजविराज | ८ | ३८५ | ०-०-१० | माया देवी वैश्यनी | राजेन्द्र प्रसाद देव | |
| ३७. | २८२ | राजविराज | ८ | ४३४ | ०-१-८ | कृष्णा देवी उपाध्याय | हरि प्रसाद उपाध्याय | |
| ३८. | २८२ | राजविराज | ८ | ५०६ | ०-०-९ | दिपु कुमार भुजेल कुमार प्रसाद भुजेल | दिपु कुमार भुजेल कुमार प्रसाद भुजेल | |
| ३९. | २८२ | राजविराज | ८ | ४३९ | ०-१-८ | धनि लाल चौधरी | श्रीमती मंगली देवी कलवारनि | |
| ४०. | २८२ | राजविराज | ८ | ३८३ | ०-०-१० | गायत्री देवी देव | पृथ्वी राज चौधरी लक्ष्मी राज चौधरी | |
| ४१. | २८२ | राजविराज | ८ | ३८७ | ०-०-१० | राज कुमारी देवी | राज कुमारी देवी वैश्य | |
| ४२. | २८२ | राजविराज | ८ | ४३८ | ०-०-१० | मूर्ती देवी साफी | गंगाई साफी | |
| ४३. | २८२ | राजविराज | ८ | ४३७ | ०-०-१० मध्ये बीच बाट ०-०-३.५ | पंची देवी सुनार्नी सुरेन्द्र कुमार स्वर्णकार | सुरेन्द्र कुमार स्वर्णकार | |
| ४४. | २८२ | राजविराज | ८ | ५०४ ४४२ | ०-०-९ ०-०-४ | निर्मला देवी पाण्डे | निर्मला देवी पाण्डेय | |
| ४५. | २८२ | राजविराज | ८ | ४३६ | ०-०-११ | पवित्री देवी | शंकर प्रसाद देव ओम प्रकाश देव | |
| ४६. | २८२ | राजविराज | ८ | ४६४ | ०-०-५ | गुलाब देवी शर्मा बरही | गुलाब देवी शर्मा | |
| ४७. | २८२ | राजविराज | ८ | ४६३ | ०-०-३ | डोमी बखो मियाँ | हरि नारायण शर्मा | |
| ४८. | २८२ | राजविराज | ८ | ४४६ | ०-०-१६ | खटरी देवी यादव | खटरी वति यादवनी | |

**किशोर कुमार राम**
**कार्यालय प्रमुख**

# राष्ट्रिय वैश्य महासंघको छिन्नमस्ता कमिटि गठन

**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**
राष्ट्रिय वैश्य महासंघ नेपाल सप्तरीले सोमबार जिल्लाको छिन्नमस्ता गाउँपालिकामा गाउँपालिका कमिटि गठन गरेको छ ।

जिल्ला अध्यक्ष श्याम प्रसाद साहको अध्यक्षता तथा छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको प्रमुख आतिथ्यमा आयोजित बृहत भेलाले चन्दर नारायण पण्डितको नेतृत्वमा २१ सदस्य वैश्य महासंघ नेपाल छिन्नमस्ता गाउँपालिका कमिटि गठन गरेको हो ।

नवगठित कमिटिले उपाध्यक्षमा अकेन कुमार शर्मा, कपलेश्वर साह, जयराम साह रहेका छन् । सचिवमा बसन्त चौधरी, सहसचिवमा शोभाकुमारी स्वर्णकार, कोषाध्यक्षमा बौकीदेवी दास, सहकोषाध्यक्षमा संजयकुमार साह छन् ।

सो अवसरमा महासंघ जिल्ला शाखा महासचिव बबलु चौधरी, कोषाध्यक्ष बलराम शर्मा, सल्लाहकार प्रमिला कुमारी साह, सदस्य ऐनश्वर दास लगायतको पनि उपस्थिति रहेको थियो । जातिय संगठनको सुदृढिकरण तथा जिल्लाका सबै १८ वटै पालिकामा संगठन बिस्तार गर्ने योजना अनुसार अहिले पालिकाहरुमा कमिटि गठन गर्न थालिएको महासंघले जनाएको छ ।

# नगद तथा भौचर सम्बन्धी तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा सोमबारदेखि नगद तथा भौचर सम्बन्धी चार दिने तालिम सञ्चालन गरिएको छ ।

बाढीबाट अत्यधिक प्रभावित रहेको यस गाउँपालिकामा मर्सिकोर नेपालको सहयोगमा आसमान नेपालद्वारा गाउँपालिकाको समन्वयमा सो तालिमको आयोजना गरिएको हो ।

गाउँपालिका बाढी लगायतको विभिन्न विपद्बाट अत्यधिक प्रभावित रहेको हुनाले यस्ता खाले तालिमबाट जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा योगदान पुग्ने गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले बताए ।

पूर्वानुमानमा आधारित पूर्व कार्य, नगद तथा भौचर र विपद्मुखी सामाजिक सुरक्षा कार्यक्रमको बारेमा जानकारी दिने, पूर्व सूचना प्रणाली, ट्रिगर र थ्रेसहोल्डहरू र पूर्वानुमानमा आधारित प्रारम्भिक कारबाहीहरू सक्रिय गर्न सहभागीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सो तालिमको आयोजना गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

सहभागीहरूलाई स्फेयर मापदण्ड अनुसार मानवीय मापदण्ड भित्र निगरानी गर्न व्यवहारिक सीप प्रदान गर्ने, स्थानीय सरकारहरूलाई सामाजिक सुरक्षा प्रणालीहरूलाई पूर्वानुमान र आपतकालीन प्रतिक्रिया प्रणालीसँग जोड्न सहयोग गर्ने, बहु-हितधारक समन्वय र नीति एकीकरणलाई प्रोत्साहित गर्नुका साथै गाउँपालिकाको योजना र विपद् जोखिम व्यवस्थापन प्रणालीहरूमा संस्थागत गर्ने उद्देश्यले सो तालिमको आयोजना गरिएको अधिकृत झाले जानकारी दिए ।

गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, बाल क्लबका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको सो तालिममा मर्सिकोर नेपालका सुजित गौतम र नेपाल रेडक्रस सोसाइटीका विनोद लामिछानेले सहजीकरण गर्ने आसमान नेपालका कार्यक्रम संयोजक अशोक यादवले जानकारी दिए ।

## संघीयतापछि पनि ...

फैलिएको छभने धार्मिक बन ३४.६३ हेक्टर क्षेत्रफलमा रहेको छ । निजी बन ११० हेक्टर, राष्ट्रिय बन ७.५१ हेक्टर क्षेत्रफलमा फैलिएको छ । बनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रूख छन् ।

डिभिजन बन अधिकृत अहमदले बन अतिक्रमण भएका क्षेत्रमा पुनः बन क्षेत्र कायम गर्न सरोकारवाला निकाय एक भएर अतिक्रमण गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गर्न जरुरी रहेको बताउनुभयो । "अतिक्रमण हटाउने कार्य राजनीतिक सवालसमेत भएको हुँदा बन तथा भूसंरक्षण विभाग र प्रदेश बन मन्त्रालय स्तरबाट समेत सहयोग र समर्थन जुटाउन पहल गर्नु आवश्यक देखिन्छ", उहाँले भन्नुभयो, "अतिक्रमित क्षेत्रमा वृक्षरोपणका साथै संरक्षणको कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।" उहाँले अतिक्रमणका रूपमा रहेको बनक्षेत्रमा जडीबुटी, फलफूल लगायतका बन प्रजातिमा आधारित वृक्षरोपण कार्यक्रम सञ्चालन गरी क्रमिक रूपमा अतिक्रमण हटाउँदै बनको क्षेत्र कायम राख्न आवादी जग्गा र बन क्षेत्र छुट्टाएर रेखाङ्कन गर्नुपर्ने सुझाव दिनुहुन्छ ।

## राजविराज नगरपालिका

**७ नं. वडा कार्यालय**

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३
च.नं. ८६६

मिति:-.२०८२/०८/१६

### राजविराज नगरपालिका

**०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं.०६ हाल राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. माहबीर लाल देवको बुहारी स्व. शत्रुधन प्रसाद देवको पत्नी ललिता देवी यस कार्यालयमा उपस्थि भई माग गरे अनुसार मेरो पती स्व.शत्रुधन प्रसाद देवको मिति २०७६/०२/२५ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निजको म एक मात्र धर्म पत्नी ललिता देवी भएकोले मेरो पती स्व. शत्रुधन प्रसाद देवको नाउमा कायम रहेको मोही हक बापतको जग्गा तपसिलमा भएको जग्गा नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८२।०८।१४ गते मा दं. नं. ३८४ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निवेदीका वाहेक अरु कोही कसैको हक दावी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी को लागी अनुरोध छ ।

**तपसिल**

स्व.शत्रुधन प्रसाद देव को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बोरिया | ०४ | १८८४ | ०-५-११ | |
| २ | सप्तरी | बोरिया | १ | १०४६ | ०-६-१२.५ | |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०८/१७

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेप्ता बमोजिम रैती नं. १ देवी लाल चौधरी कलवारको नाममा कायम रहेका साविक प्रगन्ना मालझमुना मौजे खोजपुर सा.कि.नं. ५३४ को ज.वि. ०-२-१६ मध्ये ०-१-८, ऐ.ऐ. सा.कि.नं. ५०० को ज.वि. ०-११-१६ मध्ये देवी लाल चौधरीको नाममा ७ नं. फाटवारीमा जि.स.पं. खोजपुर सा.कि.नं. ५३४ को ज.वि. ०-१-८, ऐ.ऐ. सा.कि.नं. ५०० को ज.वि. ०-९-१६ कायम भएको जग्गा कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स खोजपुर वडा नं.२ हाल खडक न.पा. वडा नं. ५ बस्ने देवी लाल चौधरी कलवारको बुहारी राम चलित्र चौधरी कलवारको पत्नी सुनर बति चौधरी-१ र ऐ.ऐ बस्ने देवी लाल चौधरी कलवारको बुहारी राम नारायण चौधरी कलवारको पत्नी श्रीमती जैमन्ती देवी कलवार -१ समेत २ को यस कार्यालयमा द.नं. ७११३ मिति २०८२/०८/१० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,गेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.सं. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५३४<br>५०० | देवी लाल चौधरी कलवार | खोजपुर | १क<br>१क | ५३<br>८३ | ०-१-११<br>०-५-१०.५ | सुनर बति चौधरी<br>श्रीमती जैमन्ती देवी कलवार | यो जग्गा फिल्डबुकको किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कि.नं. ८३ को कैफियत महलमा देबी लाल चौधरी कलबारको नम्बरी हो, कि.नं ५३ को ज.ध. महलमा अशियाबति कलवारनी जनिएको। |

### मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/८/२१

सिरहा जिल्ला इनर्वा गा.वि.स. वा.नं. १ जन्मस्थान भई हाल राजविराज न.पा. वा.न. ७ बस्ने रामचन्द्र चौधरी १ (एक) जनाले मेरो बाबु कन्तलाल चौधरीको नाममा नाप नक्सा भई दर्ता हुनसम्म छुट रहेको तपसील बमोजिमका जग्गा रहेकोमा कन्तलाल चौधरीको मिति २०४०/२/३ सालमा, निजकी एकमात्र पत्नि अम्बिका देवी चौधरी मिति २०५८/७/१५ मा मृत्यु भएको निजहरुको शेषपछि नजिकको हकवाला तीन मात्र छोराहरु काली कुमार चौधरी, राघवेन्द्र कुमार चौधरी र रामचन्द्र चौधरी मात्र रहेकोमा काली कुमार चौधरी र निजको एकमात्र पत्नि श्यामादेवी चौधरीको क्रमश: मिति २०८०।१२।३० र २०६३।८।२४ मा मृत्यू भएको देखिन आएको साथै मृतक काली कुमार चौधरीको दुई मात्र छोराहरु जयप्रकाश चौधरी र चन्द्रप्रकाश चौधरीले र राघवेन्द्र कुमार चौधरी समेत जना ३ (तीन)ले हकअंश छाडी म निवेदक रामचन्द्र चौधरीको नाममा छुट जग्गा दर्ता गरी दिन भन्ने व्यहोराको मन्जुरीनामा दिनु भएकोले मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खूलाई यस कार्यालयमा रामचन्द्र चौधरी (निवेदक संख्या एक)ले द.नं. १९७७ मिति २०८२।८।१५ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारको जग्गा घूसी घूसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनूहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानून बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अनगत गराइन्छ ।

तपसील

| मृतक नम्बरीबाला ज.ध. | ज.ध.को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कन्तलाल चौधरी | मंत्रीलाल चौधरी | | सप्तरी | मैनाकडेरी | ७ | २१३ | ०-१-४ | फिल्डबूक उत्तारको कैफियत महलमा कन्तलाल चौधरीको नम्बरी हो उल्लेख रहेको । |

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*